# राष्ट्रिय न्यायिक प्रतिष्ठान (कार्य सञ्चालन) नियमावली, २०६९

राष्ट्रिय न्यायिक प्रतिष्ठान ऐन, २०६३ को दफा २८ ले दिएको अधिकार प्रयोग गरी राष्ट्रिय न्यायिक प्रतिष्ठानले देहायको नियमावली बनाएको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस नियमावलीको नाम "राष्ट्रिय न्यायिक प्रतिष्ठान (कार्य सञ्चालन) नियमावली, २०६९" रहेको छ ।

(२) यो नियममवली तुरून्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसंङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा :-

(क) "ऐन" भन्नाले राष्ट्रिय न्यायिक प्रतिष्ठान ऐन, २०६३ सम्झनु पर्छ ।

(ख) "प्रशिक्षण कार्यक्रम" भन्नाले न्यायिक निकायमा कार्यरत न्यायाधीश, कर्मचारी तथा कानून व्यवसायीको कार्यक्षमता र व्यावसायिक दक्षता अभिवृद्धि गर्न प्रतिष्ठानले सञ्चालन गर्ने प्रशिक्षण सम्बन्धी काम सम्झनु पर्छ र सो शब्दले प्रतिष्ठानले सञ्चालन गर्ने अनुशिक्षण कार्यक्रम, कार्यशाला, गोष्ठी अन्तरक्रिया, प्रवचन, रिट्रिट तथा त्यस्तै अन्य कार्यक्रम समेतलाई जनाउँछ ।

(ग) "परामर्श सेवा" भन्नाले परिच्छेद-५ बमोजिमको परामर्श सेवा सम्झनु पर्छ ।

(घ) "प्रशिक्षक" भन्नाले प्रशिक्षण दिनको लागि प्रतिष्ठानको सेवामा नियुक्त व्यक्ति सम्झनु पर्छ र सो शब्दले प्रतिष्ठानले आमन्त्रण गरेको आगन्तुक विज्ञ, स्रोत व्यक्ति वा विशेषज्ञसमेतलाई जनाउँछ ।

(ङ) "पाठ्यक्रम उपसमिति" भन्नाले नियम ८ बमोजिमको पाठ्यक्रम उपसमिति सम्झनु पर्छ ।

(च) "परीक्षा तथा मूल्यांकन उपसमिति" भन्नाले नियम ११ बमोजिमको परीक्षा तथा मूल्यांकन उपसमिति सम्झनु पर्दछ ।

(छ) "प्रशिक्षार्थी" भन्नाले प्रतिष्ठानले सञ्चालन गर्ने प्रशिक्षण कार्यक्रममा सहभागी हुने व्यक्ति सम्झनु पर्छ ।

(ज) "संस्था वा निकाय" भन्नाले प्रतिष्ठानसंग सहकार्य गर्ने संस्था वा निकाय संस्था सम्झनु पर्छ ।

## परिच्छेद-२

## प्रतिष्ठानको संगठनात्मक स्वरुप

३. प्रतिष्ठानमा रहने महाशाखा तथा शाखाहरूः– (१) प्रतिष्ठानमा देहाय बमोजिमका महाशाखा तथा शाखाहरू रहनेछन्:-

(क) मानब संशाधन महाशाखा
(ख) प्रशिक्षण व्यवस्थापन महाशाखा
(ग) अनुसन्धान तथा बिकास महाशाखा

(२) उपरोक्त महाशाखा अन्तर्गत आवश्यकता अनुसार तोकिए बमोजिमका बिभिन्न शाखाहरू रहनेछन् ।

(३) प्रतिठानको कार्यकारी समितिले आवश्यकता अनुसार अन्य महाशाखा तथा शाखाहरु थप गर्न सक्नेछ ।

## परिच्छेद-३

## प्रशिक्षण कार्यक्रम, पाठ्यक्रम, परीक्षा तथा मूल्यांकन सम्बन्धी व्यवस्था

४. प्रशिक्षण कार्यक्रम निर्धारण र सञ्चालनः (१) कार्यकारी निर्देशकले न्यायिक निकायसंग परामर्श गरी प्रतिष्ठानले प्रत्येक वर्ष सञ्चालन गर्ने प्रशिक्षण कार्यक्रम र तत्सम्बन्धी क्षेत्र निर्धारण गरी समितिमा पेश गर्नेछ । समितिले पारित गरेपछि परिषद समक्ष अन्तिम स्वीकृतिको लागि पेश गर्नु पर्नेछ ।

(२) कार्यकारी निर्देशकले उपनियम (१) बमोजिम स्वीकृत प्रशिक्षण कार्यक्रमको प्राथमिकताक्रम निर्धारण गरी सो क्रम अनुसार प्रशिक्षण कार्यक्रम सञ्चालन गर्नु पर्नेछ ।

(३) बार्षिक कार्यक्रममा समावेश नभएपनि आवश्यक देखिएका कुनै कार्यक्रम स्वीकृत बार्षिक कार्यक्रमलाई असर नगर्ने गरी कार्यकारी समितिको निर्णय अनुसार प्रतिष्ठानले सन्चालन गर्न सक्नेछ ।

(४) प्रतिष्ठानको बार्षिक कार्यक्रममा समाबेश नभएका कुनै बिषयमा प्रशिक्षण सन्चालन गरिदिन कुनै संस्था वा निकायले अनुरोध गरेमा प्रशिक्षण सन्चालन वापत प्रतिष्ठानबाट निर्धारित मापदण्ड अनुसारको लाग्ने खर्च अनुरोध गर्ने संस्था वा निकायले ब्यहोर्ने गरी कानुन र न्याय क्षेत्रका जनशक्तिलाई प्रतिष्ठानले प्रशिक्षण सन्चालन गर्न सक्नेछ ।

५. प्रशिक्षण प्रविधि तथा पद्धति : नियम (४) बमोजिमको प्रशिक्षण कार्यक्रम प्रभावकारी ढंगबाट सञ्चालन गर्न समितिले सैद्धान्तिक तथा व्यावहारिक पक्ष समावेश भएको प्रशिक्षण प्रविधि तथा पद्धति निर्धारण गर्नेछ ।

६. प्रशिक्षण कार्यक्रमको प्रकार तथा तहः (१) प्रतिष्ठानले न्यायिक निकाय र संस्थाको आवश्यकता अनुसार विभिन्न प्रकारका आवासीय तथा गैरआवासीय प्रशिक्षण कार्यक्रम सञ्चालन गर्न सक्नेछ ।

(२) प्रतिष्ठानले सरकारी तथा गैरसरकारी राष्ट्रिय वा अन्तरराष्ट्रिय संघ संस्था वा अन्य कुनै प्रशिक्षण प्रतिष्ठानसंग मिलेर संयुक्तरूपमा प्रशिक्षण तथा अनुसन्धान कार्यक्रम सञ्चालन गर्न सक्नेछ ।

(३) उपनियम (१) र (२) बमोजिमको प्रशिक्षण कार्यक्रम एक वर्ष वा सो भन्दा वढी अवधिको हुने भए प्रतिष्ठानले त्यस्तो प्रशिक्षण कार्यक्रमको तह, त्यसको मूल्यांकन पद्धति समेत निर्धारण गर्न सक्नेछ ।

७. प्रशिक्षणको प्रमाणपत्रः प्रतिष्ठानले सञ्चालन गरेको प्रशिक्षण कार्यक्रम पूरा गर्ने वा मूल्यांकनको व्यवस्था रहेको भए सफल प्रशिक्षार्थीलाई निजले लिएको प्रशिक्षणको प्रकार, अवधि, प्रशिक्षणमा प्राप्त गरेको श्रेणी र तह भए तह समेत खुलाई कार्यकारी निर्देशक वा निजले तोकेको पदाधिकारीले प्रशिक्षणको प्रमाणपत्र दिनेछ ।

८. पाठ्यक्रम उपसमितिः (१) पदीय योग्यता अथवा स्तरोन्नती समेतको प्रयोजनको लागि अंक (योग्यता) समायोजन गर्ने प्रकृतिको प्रशिक्षण संचालन गर्नुपर्दा प्रशिक्षण कार्यक्रम सञ्चालन गर्न आवश्यक पर्ने पाठ्यक्रम तयार गर्न प्रतिष्ठानमा एउटा पाठ्यक्रम उपसमिति रहनेछ ।

(२) उपनियम (१) बमोजिमको समितिमा देहायका व्यक्तिहरू रहने छन् : -

| | | |
|---|---|---|
| (क) | कार्यकारी निर्देशक | -संयोजक |
| (ख) | प्रशिक्षण व्यवस्थापन महाशाखाको प्रमुख | -सदस्य |
| (ग) | अनुसन्धान तथा बिकास महाशाखाको प्रमूख | -सदस्य |
| (घ) | मान्यता प्राप्त कानून सम्बन्धी शिक्षण संस्थाको प्रतिनिधि | -सदस्य |
| (ङ) | प्रतिष्ठानले तोकेको सम्बन्धित विषयको विज्ञ | -सदस्य |

(३) उपनियम (२) को देहाय (घ) अन्तर्गतको बिज्ञको मनोनयन कार्यकारी निर्देशकले अवधि तोकी गर्नेछ ।

(४) उपनियम (२) को देहाय (घ) र (ङ) बमोजिमका सदस्यको पदावधि बढीमा दुई बर्षको हुनेछ ।

(५) उपसमितिको बैठक सम्बन्धी कार्यविधि पाठ्यक्रम उपसमिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

९. पाठ्यक्रम तयार गर्ने कार्यविधि: पाठ्यक्रम समितिले देहायका तरिका अनुसार पाठ्यक्रम तयार गर्नु पर्नेछः-

(क) प्रशिक्षणको विषय पहिचान गर्ने र त्यस्तो विषयमा प्रशिक्षणको आवश्यकता रहेको कुरा पुष्टि गर्ने,

(ख) पाठ्यक्रमको अवधारणा पत्र तयार गर्न प्रशिक्षणको विषय र आवश्यकता विश्लेषण गरी तत्सम्बन्धमा सरोकारवालासंग आवश्यक राय सुझाव संकलन गर्ने,

(ग) प्रशिक्षण कार्यक्रमका उद्देश्यहरू निर्धारण गर्ने र सम्बन्धित क्षेत्रमा कार्यरत विशेषज्ञ, व्यवसायी र अन्य सम्बन्धित व्यक्ति समेतलाई सहभागी गराई लक्षित समूहसँग छलफल गरी राय सुझाव संकलन गर्ने । विशेषज्ञ वा विशेषज्ञ समूहलाई पाठ्यक्रम समितिले विस्तृत पाठ्यक्रम तयारीको जिम्मेवारी समेत दिन सक्नेछ र यसरी जिम्मेवारी दिइएकोमा त्यस्ता विशेषज्ञ वा विशेषज्ञ समूहलाई कार्यकारी निर्देशकले मनासिव पारिश्रमिक तोक्न सक्नेछ ।

(घ) सम्बन्धित विषयको पाठ्य अंश निर्धारण गर्ने ।

१०. पाठ्यक्रम स्वीकृतिः (१) नियम ९ बमोजिम तयार भएको पाठ्यक्रम उपसमितिले स्वीकृत गरेपछि लागू हुनेछ ।

(२) उपनियम (१) बमोजिम पाठ्यक्रम स्वीकृत गर्दा समितिले आवश्यकतानुसार प्रतिष्ठानको प्रशिक्षण तथा अनुसन्धान क्षेत्रको सम्बन्धित विषय विज्ञ वा समितिसंग परामर्श लिन सक्नेछ । यस्तो परामर्श दिंदा नियम ९(ग) को व्यवस्था यसमा समेत आकर्षित हुनेछ ।

(३) उपनियम (१) बमोजिम स्वीकृत भएको पाठ्यक्रम उपसमितिले सामान्यतया प्रत्येक तीन वर्षमा परिमार्जन गर्नु पर्नेछ ।

११. नियम ८, ९ र १० मा लेखिए बाहेकको प्रशिक्षणका हकमा कार्यकारी निर्देशककै तहबाट आन्तरिक पाठ्यक्रम समिति गठन हुन वा सो प्रयोजनका लागि कुनै फ्याकल्टीलाई तोक्न सक्नेछ ।

१२. परीक्षा तथा मूल्यांकन उपसमिति : (१) देहाय बमोजिमको कामको लागि समितिले एउटा परीक्षा तथा मूल्याँकन उपसमिति गठन गर्न सक्नेछ :-

(क) छ महिना वा सो भन्दा वढी अवधिको प्रशिक्षण कार्यक्रममा सहभागी हुने प्रशिक्षार्थीको परीक्षा सञ्चालन तथा परीक्षण गर्न, र

(ख) छ महिना भन्दा कम अवधिको प्रशिक्षण कार्यक्रममा सहभागी हुने प्रशिक्षार्थीको मूल्यांकन गर्न ।

(२) उपसमितिमा प्रशिक्षण महाशाखाको प्रमूखको संयोजकत्वमा तीनजना सम्म रहने गरी तोक्न सकिनेछ ।

(३) उपनियम (१) को सर्वसामान्यतामा कुनै प्रतिकूल असर नपर्ने गरी परीक्षा तथा मूल्यांकन उपसमितिको अन्य काम, कर्तव्य, अधिकार र कार्यक्षेत्र उपसमितिले तोक्न सक्नेछ ।

(४) परीक्षा तथा मूल्यांकन समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

१३. परीक्षण तथा मूल्यांकन पद्धतिः (१) परीक्षा तथा मूल्यांकन उपसमितिले प्रशिक्षार्थीको परीक्षण तथा मूल्यांकन गर्दा आन्तरिक र वाह्य मूल्यांकन पद्धतिलाई अपनाउनेछ ।

(२)उपनियम (१) बमोजिम परीक्षण तथा मूल्याङ्कन गर्दा अपनाउनु पर्ने अन्य कार्यबिधि समितिले तोके बमोजिम हुनेछ ।

## परिच्छेद-४

## प्रशिक्षक तथा प्रशिक्षार्थी सम्बन्धी व्यवस्था

१४. प्रशिक्षकको छनौट : (१) प्रतिष्ठानले प्रशिक्षण कार्यक्रममा संलग्न हुने विशेषज्ञ प्रशिक्षकको हकमा प्रशिक्षक प्रशिक्षण प्राप्त गर्नु पर्ने व्यवस्था गर्न सक्नेछ ।

(२) प्रतिष्ठानले उपनियम (१) बमोजिम प्रशिक्षक प्रशिक्षण लिएका विशेषज्ञहरूमध्येबाट उपयुक्तताको आधारमा सम्बन्धित विषयको विशेषज्ञहरूको सूची तयार गर्नेछ ।

(३) प्रतिष्ठानले प्रशिक्षण कार्यक्रम सञ्चालन गर्दा उपनियम (२) बमोजिमको सूचीमा समावेश भएका विशेषज्ञहरूलाई प्रशिक्षणको लागि आमन्त्रण गर्नु पर्नेछ ।

(४) उपनियम (३) बमोजिम तयार भएको सूची प्रत्येक तीन वर्षमा अद्यावधिक गर्नु पर्नेछ ।

(५) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै खास विषयको प्रशिक्षणको लागि राष्ट्रिय र अन्तर्राष्ट्रिय रूपमा ख्याती प्राप्त व्यक्ति, कुनै बिज्ञ वा विशेषज्ञ तथा सम्बन्धित क्षेत्रको अनुभवी व्यक्तिलाई प्रशिक्षण वा प्रबचनको लागि आमन्त्रण गर्न यस नियममा लेखिएको कुनै कुराले बाधा पुऱ्याएको मानिने छैन ।

(६) उपनियम (५) बमोजिमको बिषयगत बिज्ञ वा बिशेषज्ञको सूची कार्यकारी निर्देशकले स्वीकृत गर्नेछ । यस्तो सूची प्रत्येक बर्ष अद्यावधिक गरी राख्नु पर्नेछ ।

१५. विशेषज्ञबाट प्रशिक्षण गराउन सक्नेः प्रतिष्ठानले देहायका विषयमा सम्बन्धित विषयको विशेषज्ञबाट निश्चित अवधिको लागि प्रशिक्षण गराउन सक्नेछः-

(क) संविधान, कानून तथा न्याय,

(ख) समाजशास्त्र तथा मानवशास्त्र,

(ग) अर्थशास्त्र तथा बाणिज्यशास्त्र,

(घ) प्रशासन तथा व्यवस्थापन,

(ङ) राजनीतिशास्त्र

(च) चिकित्सा विधिशास्त्र तथा विज्ञान र प्रविधि

(छ) सूचना प्रविधि

(ज) भूमी प्रशासन/व्यवस्थापन

(झ) प्रतिष्ठानले तोकेको अन्य विषयहरू ।

१६. प्रशिक्षार्थीको छनौट : (१) कुनै प्रशिक्षण कार्यक्रमको लागि सहभागीको मनोनयन गरी पठाउन प्रतिष्ठानले प्रशिक्षण कार्यक्रमको विषय, उद्देश्य र लक्षित व्यक्तिहरूको योग्यता समेत खुलाई सम्बन्धित निकायमा अनुरोध गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम मनोनयनका लागि अनुरोध भई आएमा सम्बन्धित निकायले प्रशिक्षणको विषयसंग सम्बन्धित उपयुक्त उम्मेदवार मनोनयन गरी निजको नाम प्रतिष्ठान समक्ष पठाउनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम मनोनयन भई आएको व्यक्तिको योग्यता प्रतिष्ठानले निर्धारण गरेको योग्यता अनुसार नभएमा कारण खुलाई त्यस्तो व्यक्तिलाई प्रशिक्षार्थीको रूपमा अस्वीकृत गर्ने अधिकार प्रतिष्ठानलाई हुनेछ ।

१७. प्रशिक्षार्थीलाई दिईने सुबिधा: (२) प्रशिक्षणमा भाग लिने प्रशिक्षार्थीलाई दिइने खाना, खाजा खर्च वा अन्य सुविधा समितिले तोके बमोजिम हुनेछ ।

१८. प्रशिक्षार्थीले आचरण तथा शर्त पालन गर्नु पर्नेः (१) प्रशिक्षार्थीले प्रशिक्षण अवधिभरमा प्रतिष्ठानले निर्धारण गरेको आचरण, अनुशासन वा शर्तहरू पालन गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको आचरण, अनुशासन वा शर्तहरू पालना नगर्ने प्रशिक्षार्थीलाई प्रतिष्ठानले कुनै पनि बखत फिर्ता पठाउन सक्नेछ ।

१९. प्रशिक्षण सञ्चालन शुल्क : (१) यस परिच्छेदमा जुनसुकै कुरा लेखिएको भए पनि प्रतिष्ठानले प्रशिक्षण वापत समितिले निर्धारण गरे बमोजिमको शुल्क लिई न्यायिक निकायबाहेकका जनशक्तिलाई पनि न्याय र कानुनका बिषयमा प्रशिक्षण, तालिम सञ्चालन गर्न सक्नेछ ।

## परिच्छेद-५

## परामर्श, सूचना सेवा तथा अनुसन्धान सम्बन्धी व्यवस्था

२०. परामर्श तथा सूचना सेवा उपलव्ध गराउन सक्नेः (१) प्रतिष्ठानले नेपाल सरकारका कार्यालय, नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व भएको कुनै संस्थान, समिति, निगम, प्राधिकरण वा राष्ट्रिय वा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था वा निकायको अनुरोधमा कानून तथा न्याय सम्बन्धी विषयमा परामर्श तथा सूचना सेवा उपलव्ध गराउन सक्नेछ ।

(२) परामर्श सेवा सम्बन्धी अन्य कुरा कार्यकारी समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

२१. कारबाहीमा भाग लिन सक्ने : कानून तथा न्याय क्षेत्र सम्बन्धी विषयमा परामर्श सेवा लिनको लागि कुनै संस्थाले आव्हान गरेको परामर्श सेवा सम्बन्धी कारबाहीमा प्रतिष्ठानले भाग लिन सक्नेछ ।

२२. संयुक्त रूपमा परामर्श सेवा प्रदान गर्न सक्ने : कानून तथा न्यायको क्षेत्रमा परामर्श सेवा प्रदान गर्ने कुनै व्यक्ति, फर्म, संस्था, कम्पनी वा गैरसरकारी संस्थासंग प्रतिष्ठानले सम्झौता गरी संयुक्त रूपमा परामर्श सेवा उपलव्ध गराउन सक्नेछ ।

२३. परामर्शदाता नियुक्त गर्न सक्ने : (१) यस नियमावली बमोजिम परामर्श सेवा उपलव्ध गराउंदा आवश्यक भएमा प्रतिष्ठानले स्वदेशी वा विदेशी परामर्शदाता नियुक्त गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम परामर्शदाता नियुक्त गर्दा प्रतिष्ठानको आर्थिक प्रशासन नियमावली बमोजिमको प्रकृया अपनाउनु पर्नेछ ।

२४. प्रोत्साहन रकम दिन सक्नेः प्रतिष्ठानले परामर्श सेवा उपलव्ध गराए वापत प्राप्त गरेको जम्मा रकमको पैतीस प्रतिशत रकमसम्म सो सेवा उपलव्ध गराउने कार्यमा संलग्न पदाधिकारी वा कर्मचारीहरूलाई प्रोत्साहन स्वरूप एकमुष्ट दिन सक्नेछ ।

२५. अनुसन्धान तथा प्रकाशन : (१) प्रतिष्ठानले कानून र न्याय सम्बन्धी विषयमा समय समयमा अध्ययन तथा अनुसन्धान गर्न वा गराउन सक्नेछ ।

(२) प्रतिष्ठानले कानून तथा न्यायका क्षेत्रमा विभिन्न लेख, रचना, अनुसन्धान, कृति, फैसला, विश्लेषण तथा त्यस्तै अन्य सामाग्री प्रकाशन गर्न सक्नेछ र सर्वोच्च अदालतबाट भएका महत्वपूर्ण निर्णय वा कानून तथा न्यायका बिषयसंग सम्बन्धित सामग्रीलाई सर्वसाधारणको जानकारीको लागि प्रकाशन र सम्भव भएसम्म विद्युतीय सञ्चारको माध्यमबाट समेत प्रकाशन गर्न सक्नेछ ।

(३) प्रतिष्ठानले अध्ययन वा अनुसन्धान गराएवापत लेखक वा अनुसन्धानकर्ताले पाउने पारिश्रमिक प्रचलित कानुन अनुकूल हुने गरी औचित्यका आधारमा कार्यकारी निर्देशकले निर्धारण गर्न सक्नेछ ।

## परिच्छेद-६

## विविध

२६. कार्य सम्पादन परीक्षण वा छानवीन  गराउन सक्नेः परिषद्‌ले प्रतिष्ठानको कार्य सञ्चालन ऐन र यस नियमावली बमोजिम भएको छ वा छैन भन्ने कुरा यकिन गर्न प्रतिष्ठानले आवश्यकता अनुसार कार्य सम्पादन परीक्षण (परफरमेन्स अडिट) वा छानवीन गराउन सक्नेछ ।

२७. प्रतिष्ठानले इन्टर्न लिई काम लगाउन सक्ने : (१) देशभित्र वा बाहिरको विश्वबिद्यालयबाट कानूनको उच्च शिक्षा स्नातकोत्तर वा बिद्यावारिधी अध्ययन गरिरहेका व्यक्तिलाई आवश्यक संख्यामा प्रतिष्ठानले इन्टर्नको रूपमा लिई अनुसन्धान, प्रशिक्षण लगायतका काममा लगाउन सक्नेछ ।

(२) इन्टर्नको संख्याको अधिकतम हद कार्यकारी निर्देशकले निर्धारण गरे बमोजिम हुनेछ ।

(३) प्रतिष्ठान जस्तै अन्य देशका न्यायिक प्रतिष्ठान वा न्यायिक प्रशिक्षण प्रतिष्ठानसँग आपसी सहयोग र सम्बन्ध विस्तारको लागि प्रतिष्ठानले जनशक्ति आदान प्रदानको कार्यक्रम सञ्चालन गर्न सक्नेछ ।

२८. प्रतिष्ठानको छाप :  (१)  प्रतिष्ठानको छाप अनुसूची-१ मा उल्लेख भए बमोजिम हुनेछ ।

(२) प्रतिष्ठानको नामबाट तयार हुने कागजपत्रमा प्रतिष्ठानको छाप लगाउनु पर्नेछ ।

२९. आन्तरिक कार्यविधि निर्देशिका वा दिग्दर्शन बनाई लागू गर्न सक्ने : (१) ऐन र यस नियमावलीको अधीनमा रही समितिले प्रतिष्ठानको कार्य सञ्चालन गर्न आन्तरिक कार्यविधि निर्देशिका वा दिग्दर्शन बनाई लागू गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिमको आन्तरिक कार्यविधि निर्देशिका वा दिग्र्दशनको पालना गर्नु सम्बन्धित सवैको कर्तव्य हुनेछ ।

३०. खारेजी र बचाउः (१) राष्ट्रिय न्यायिक प्रतिष्ठान( कार्यसन्चालन) नियमहरु, २०६२ खारेज गरिएको छ ।

(२) राष्ट्रिय न्यायिक प्रतिष्ठान (कार्यसन्चालन) नियमहरु, २०६२  बमोजिम भए गरेका काम कारवाहीहरु यसै नियमावली बमोजिम भए गरेको मानिनेछ ।

## अनुसूची- १

(नियम ३७ संग सम्बन्धित)

प्रतिष्ठानको छाप